म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष ११,  अंक ११९  मंगलबार,  २१  मंसिर २०७८  त्रयोदशी  ने. सं. ११४२ थिंलाथ्व  7 December, 2021  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**कर्मचारी आवश्यकता**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलि:

- वेटर- १ जना,  - कुक- १ जना,  - हेल्पर १ जना

**तलब/सुबिधा: आपसी समझदारीमा तय गरिनेछ ।**

**होटल म्याक्स**

हेटौंडा-३, बसामाडी,

मो.नं. ९८४५०२५७२७

इन्द्र बानियाँको राजनीतिक यात्रा

## विद्यार्थी राजनीतिमै महाधिवेशन प्रतिनिधि

**२४ बर्षको उमेरमै महाधिवेशन प्रतिनिधि बनेका नेता बानियाँ पार्टीको जिल्ला सदस्य भएको २० वर्षपछि १३ जिल्ला हाँक्ने हैसियतमा पुगे ।**

साझाकुरा संवाददाता



हेटौंडा/हेटौंडामा सम्पन्न नेपाली काँग्रेसको प्रथम बागमती प्रदेश अधिवेशनमा नुवाकोटका चर्चित अग्रज नेता जगदिश्वर नरसिंह केसीलाई १ सय ५८ मतअन्तरले पराजित गर्दै इन्द्रबहादुर बानियाँ ऐतिहासिक सभापति बन्न सफल भए ।

५१ बर्षिय बानियाँ राजनीतिक यात्रा सुरुवात गरेको ३४ वर्ष अवधिमा प्रदेश सभापति बनेका हुन् । २०४४ सालमा राजनीतिक यात्रा सुरुवात गरेका बानियाँ २०५१ मा महाधिवेशन प्रतिनिधि भइसकेका थिए । आफ्नो छुट्टै पहिचान बनाउँदै उनले राजनीतिक यात्रालाई रफ्तारमा अघि बढाए ।

२०५२ मा नेपाल विद्यार्थी संघको जिल्ला सहसचिव हुनु अघि उनी २०५१ मै महाधिवेशन प्रतिनिधि चयन भएर केन्द्रीय नेताहरुको नजरमा परि सकेको थिए । २०५२ मा जिल्ला नेवि संघको अध्यक्षहुँदै २०५६ देखि निरन्तर महासमिति सदस्य भएर राजनीतिमा क्रियाशिल रहे ।

स्पष्ट वक्ता, रणनीतिक र परिस्थितिअनुसार अघि बढ्ने, हक्की स्वभावका बानियाँको जन्म २०२७ भदौ १५ गते मकमवानपुरको पूर्वी क्षेत्र हेटौंडा-१८ हर्नामाडीमा भएको हो । लामो समय सफल निर्माण व्यवसायसँगै राजनीतिमा होमिएका अग्ला कदका बानियाँ मकवानपुरको काँग्रेसमा रफ्तारले अघि बढेका नेताका रुपमा चिनिन्छन् । विद्यार्थी राजनीतिलाई बिटमार्दै बानियाँले २०५८ सालमा काँग्रेसको मकवानपुर जिल्ला सदस्यबाट पार्टीको राजनीतिक यात्रा प्रारम्भ गरे ।

उनी २०६४ मा तत्कालीन मकवानपुरको क्षेत्र नम्बर १ बाट संविधानसभा सदस्यको उम्मेदवार बने । उनी पहिलो पटक जनप्रतिनिधिका रुपमा चुनावी मैदानमा उत्रिँदा पराजित बनेका थिए । ६ वर्षपछि २०७० मा भएको दोस्रो संविधान- सभा निर्वाचनमा सोहि क्षेत्रबाट निर्वाचित भए । बानियाँ २०७३ मा भएको काँग्रेसको १३ औं महाधिवेशन बाट मकवानपुर सभापतिमा निर्वाचित भए ।

२०७४ मा संस्कृति, पर्यटन तथा नागरिक उड्ययन राज्यमन्त्री र गृह राज्यमन्त्रीको जिम्मेवारीसहित राष्ट्रिय राजनीतिक यात्रामा पाइला अघि बढाए । २०७४ मा मकवानपुर संघीय क्षेत्र २ को ख बाट प्रत्यक्षतर्फ प्रदेशसभा सदस्य निर्वाचित भए । बानियाँले २०७४ माघ २५ मा सर्वसम्मत रुपमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता चयन भए ।

## हेटौंडाकी एक कोरोना संक्रमितको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका क्षेत्रमा एक जना कोरोनाविरुद्धको खोप लगाइसकेको कोरोना संक्रमितको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा-१४ को ६३ वर्षीया महिला रहेकी छन् ।

चार दिनअघि मंसिर १६ गते कोरोना संक्रमण पुष्टि भएको महिलाको सोमबार बिहान हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको स्वास्थ्य कार्यलय मकवानपुरले जनाएको छ । संक्रमित महिलालाई मंसिर १६ गतेनै उपचारको लागि हेटौंडा अस्पताल ल्याईएको थियो ।

उनीमा मृगौला र सुगर सम्बन्धि रोगसमेत रहेको हेटौंडा अस्पतालका कोभिड इन्चार्ज डाक्टर प्रशान्त बिडारीले जानकारी दिए । डा.बिडारीका अनुसार महिलाले कोरोना संक्रमण हुनु अघिनै कोरोना विरुद्धको खोपसमेत लगाएकी थिइन् ।

यसैगरी सोमबार थप ८ जनामा कोरोना भाइरस संकमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा २८ जनामा गरिएको परीक्षणमा थप ८ जनामा कोरोना देखिएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

पुष्टि हुनेहरुमा ५ जना हेटौंडा उपमहानगरपालिका भित्रका, मकवानपुरगढी, कैलाश र मनहरी गाउँपालिका भित्रका एकएक जना रहेको कार्यलयले जनाएको छ ।

यो संगै जिल्लामा सक्रिय संक्रमितको संखया ५४ जना पुगेका छन् । जिल्लामा सोमबार थप ३ जना संक्रमितले संक्रमणलाई जितेका छन् ।

## उपमहानगर भित्रको विकट क्षेत्रमा स्ल्याब ढलान



हेटौंडा/हेटौंडा उपमहानगरपालिका-११ को बिकट मानिएको जागिरेडाँडामा कच्ची सडकलाई पक्की बनाइने भएको छ ।

पक्की सडकको प्रयोग गर्न नपाएका स्थानीय बासिन्दाहरुलाई अहिले भने सहज भएको छ । हेटौंडा उपमहानगरपालिका भएपनि धेरै क्षेत्र बिकट भएकाले यस क्षेत्रमा पहिलो प्राथमिकताका साथ बिकासका कामलाई प्राथमिकता दिइएको हेटौंडा उपमहानगरपालिकाका मेयर हरि बहादुर महतले बताए ।

हेटौंडा-१, हिउँदयाममा छारो र धुलो उड्ने र अरु समयमा हिलोको समस्या भोग्दै आएका यस क्षेत्रका नागरिकले पक्की सडकको प्रयोग गर्न पाएको हेटौंडा-११ का वडा सदस्य रामचन्द्र न्यौपानेले बताए । कुल ६ लाख रुपैयाँ लागतमा एक सय मिटर सडकमा स्लाब ढलान गरिएको हो ।

**हार्दिक बधाई**



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत बागमती प्रदेशको प्रथम अधिवेशनबाट यस संस्थाका संस्थापक शेयर सदस्य, बर्तमान मकवानपुर जिल्ला पार्टी सभापति एवम् बागमती प्रदेश संसदीय दलका नेता **माननीय ईन्द्रबहादुर बानियाँज्यू** अत्याधिक मत प्राप्त गर्दै बागमती प्रदेश सभापति जस्तो गरिमामय पदमा बिजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

महालक्ष्मी उपाध्याय 'डिना' (अध्यक्ष) एवम्

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

हेटौंडा-२, पल्पसा रोड






साझाकुरा

## हाम्रो कुरा

# हिंसा रोक्न सबै लागौं

विगत केहि वर्षदेखि समाजमा महिला हिंसाका घटनाहरु बढी नै सार्वजनिक भइरहेका छन् । त्यसमा पनि महिलामाथि हुने यौनजन्य हिंसाको मात्रा बढ्दै गएको छ । विगतमा महिलामाथि घरेलु हिंसा बढी हुने गरेको भए पनि पछिल्लो समय यौनजन्य हिंसामा बढोत्तरी भइरहेको छ । विशेषगरी महिलामाथि हुने बलात्कार र हत्याका घटना बढ्दै जाँदा महिलाहरु असुरक्षित महसुस गर्न थालेका छन् । बालिका, किशोरीदेखि वृद्धासम्म बलात्कारको शिकार बन्नु परेको अवस्था विद्यमान छ । पछिल्लो समय सञ्चार माध्यमहरुमा आउने यौनजन्य हिंसाका खबरहरुको बढी चर्चा हुने गरेको छ । यौनजन्य हिंसाका घटना वृद्धि हुँदै जाँदा समाज विकृत बन्दै गएको छ । यस्ता घटनाले समाजलाई अपराधीकरणतर्फ अग्रसर बनाइरहेको छ ।

देश अहिले हिंसा र बलात्कारका घटनाले जर्जर बनेको छ । घटना तुलनात्मकरुपमा बढेका हुन् वा सहजै बाहिर आएका हुन् त्यो अध्ययनको पाटो हो । तर केही घटनाहरु यसरी आएका छन् कि, ती घटनाको प्रकृतिले नेपाली समाज कति निर्दयी र हिंस्रक बनिरहेको छ भन्ने उदाहरण बनेको छ । यद्यपि यसअघि धेरै घटनाहरु लुकेर बाहिर आउने अवसरसमेत पाएका थिएनन् । सञ्चार माध्यम, सामाजिक सञ्जाल र नेपाली समाजको सचेतनाको कारण आपराधिक घटनाहरु सार्वजनिक गर्न सहज भएको छ । नेपाल प्रहरीले पनि अधिकांश घटनाको गहन अनुसन्धान गरेर अपराधि पत्ता लगाउने गरेको छ । यसबाट पीडितले केही राहत पाउने वातावरण पनि बनेको छ । तर, पछिल्ला केही महिनादेखि रहस्यमय बनेको कञ्चनपुर घटनामा भने नेपालका सबै सुरक्षा निकाय चुकेको पाइन्छ । कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको घटना यसको एउटा गम्भीर उदाहरण हो । यस घटनामा सुरक्षा निकायले अहिलेसम्म सफल अनुसन्धान गर्नै सकेको छैन । घटनासँग सम्बन्धित प्रहरी निकायको बरिष्ठ अधिकारी निलम्बन गरी राज्यका सबै निकाय लागिपर्दा पनि अपराधि पत्ता लाग्न सकेको छैन । यत्रो समय बितिसक्दा पनि एउटा बालिकाको बलात्कार पछि हत्या भएको घटनामा संलग्नको पहिचान हुन नसक्नुले राज्यको सुरक्षा निकायप्रति गम्भीर आरोप लागेको छ । यसले भर्खरै सम्पन्न महिला हिंसाविरुद्धको १६ दिने अभियानको आचित्यमाथि पनि प्रश्नचिह्न उब्जाएको छ ।

नेपाली समाजमा बढ्दै गएको यौनजन्य हिंसाका कारण बालिका, किशोरी तथा महिलाहरु असुरक्षित रहेको स्पष्ट पार्दछ । यस्ता घटना बढ्दै जानु र घटनाका दोषी पक्राउ नपर्नुले देशमा अझैपनि निर्धक्क बस्ने अवस्था नरहेको आभाष दिन्छ । कति बेला के हुने हो भन्ने त्रासमा अझैपनि महिलाहरु बस्न बाध्य छन् । जबसम्म महिलाहरु निर्धक्क भएर आफ्ना गतिविधि गर्न पाउँदैनन्, तबसम्म सरकारले सुरक्षा व्यवस्थाबारे गम्भीर भएर सोच्न जरुरी छ । कञ्चनपुर घटनाबाट गम्भीर पाठक सिकेर सरकार महिला हिंसाको क्षेत्रमा संवेदनशील हुन जरुरी छ । हरेक वर्ष केहि अवधिभर महिला हिंसा अन्त्य गर्ने भन्दै अभियान चलाउने र त्यसमा ठूला-ठूला भाषण र प्रतिबद्धता जाहेर गर्दैमा अभियान सार्थक बन्न सक्दैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक साझाकुरा

## भोलिको पात्रो


भोलि वि.सं. २०७८ मंसिर २२ गते बुधबार ८ डिसेम्बर २०२१ । मार्ग कृष्ण पञ्चमी । थिंलाथ्व पञ्चमी ११४१ । सूर्योदय ६:४१ र सूर्यास्त ५:०९ मा हुनेछ । विवाह पञ्चमी/ षडानन्द जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# कांग्रेसका चौथो पुस्ताले बुझ्नुपर्ने कुरा

## चौधौं महाधिवेशनको कार्यभार: युवा सहभागीलाई आभास गराउनुपर्नेछ तथ्य



प्रदीप गिरी

"एक्काईसौं शताब्दीमा कुनै पनि मुलुक आफ्ना चौहद्दीभित्र सीमित रहेर मात्र बाँच्न र हुर्कन सक्दैन । नेपाल त अझ सक्दै सक्दैन । नेपाल एक अत्यन्त बिकट भूराजनीतिमा अवस्थित छ । भारत र चीन विकासको तथाकथित राजमार्गमा अन्धवेगमा हुइकिँदै छन् । दुवैको शक्ति, सामर्थ्य र प्रतिस्पर्धा झन्झन् चर्किँदै छ ।"

नेपाली कांग्रेसको चौधौं महाधिवेशन बिल्कुलै संघारमा छ । महाधिवेशनमा विचारधारा, नीति र कार्यक्रमका विषयमा कुनै छलफल नहुने कुरा नेतृत्वले अगाडि ल्याएको छ । महाधिवेशन विशुद्ध रूपले पदाधिकारीको निर्वाचनमा सीमित र केन्द्रित हुनेछ । यस जानकारीले नेपाली कांग्रेस प्रति आशावान र सहानुभूतिशील रहेको बौद्धिक जमातलाई चिन्तित बनाएको छ ।

सेतोपाटीमा मंसिर १७ गते यस विषयमा केन्द्रित भएर हरि शर्माको एउटा गम्भीर लेख प्रकाशित भएको थियो । उक्त लेखमा हरि शर्माले नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि सधैं विचारको राजनीति गरेको भन्दै एउटा ऐतिहासिक फेहरिस्त पनि प्रस्तुत गर्नुभएको छ । नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला आफ्ना युगका थोरै विचारशील राजनेतामध्ये एक हुनुहुन्थ्यो । तदनुरूप बिपी कोइरालाले आजीवन निश्चित र स्पष्ट मान्यता अगाडि सारेर नेपाली कांग्रेसको नेतृत्व गर्नुभयो ।

त्यो समय पनि त्यस्तै थियो । द्वितीय महायुद्धको भोलिपल्ट सिंगो एसिया नयाँ आशा, विश्वास र उमंगले उत्प्रेरित थियो । स्वाधीन भारत र जनवादी चीनले यस्तो उत्साहमा मलजल थपेका थिए । हिन्दुस्तानमा प्रधानमन्त्री जवाहर लाल नेहरूलाई चुनौती दिँदै एउटा सर्वथा नौलो किसिमको समाजवादी आन्दोलन उदित भएको थियो । आचार्य नरेन्द्रदेव, जयप्रकाश नारायण र डा. लोहिया यस नवीन धाराका नेता एवम द्रष्टा थिए । बिपी कोइराला यस धारासँग घनिष्ठ रूपमा सम्बद्ध हुनुहुन्थ्यो । मुख्यत: यस धाराको अभिक्रममा सन् १९५३ जनवरीमा रंगुनमा एसियाई समाजवादी सम्मेलन भयो । नेपालबाट बिपी कोइरालाको नेतृत्वमा कृष्णप्रसाद भट्टराई, राजेश्वरीप्रसाद उपाध्याय लगायत त्यस सम्मेलनमा सहभागी भएका थिए ।

स्मरणीय छ, त्यतिन्जेल नेपाली कांग्रेसले विधिवत रूपमा समाजवादको लक्ष्यलाई अंगिकार गरेको थिएन । तर पनि कांग्रेसको समाजवाद प्रतिको उत्साह र प्रतिबद्धता कथित सहभागिताले कांग्रेसको वैचारिक प्रखरताको राम्रो परिचय दिएको छ । यसलगत्तै एसियामा देखिएको समाजवादी उमंग र ऊर्जा अवरुद्ध भयो । एक दशकभित्रै नेपाल लगायत बर्मा, इन्डोनेसिया, पाकिस्तान सबै देशमा सैनिक शासन लादियो । सैनिक शासनको सुदीर्घ र क्रुर दमनमा अधिकांश देशका प्रजातान्त्रिक पार्टी विलीन भए । एउटा नेपाली कांग्रेस मात्र सगर्व जीवित रह्यो । तर झन्डै तीस वर्षको अनवरतको प्रतिबन्ध, दमन, निर्वासन र कारावासले गर्दा कांग्रेसको वैचारिक व्यक्तित्व भने यथावत रहन सकेन । अझ बिपी कोइरालाको देहान्तपछि कांग्रेसको वैचारिक र व्यावहारिक उर्वरतामा ठूलो ह्रास आयो । चौधौं महाधिवेशनका युवा सहभागीलाई यस कटु तथ्यको आभास गराउनु भोलिको कांग्रेसका निमित्त आवश्यक छ । हरि शर्माजीले लेखमा स्नेह, निष्ठा र प्रतिबद्धतालाई हेक्का राख्दा उहाँले कांग्रेसको इतिहासलाई उत्साहपूर्ण शैलीमा लेख्नु सर्वथा प्रशंसनीय छ । तर तथ्य त तथ्य नै हुन्छन् ।

प्रत्येक राजनीतिक पार्टी सामाजिक विकास र संघर्षको उत्पत्ति हुन्छ । समाजभित्र भएसरह पार्टीभित्र अनिवार्य सत्ता-संघर्ष हुन्छ । तदनुरूप स्थापनाकालदेखि नै कांग्रेसभित्र नेतृत्वका निम्ति द्वन्द्व भएको छ । नेपाली राष्ट्रिय कांग्रेसको स्थापनाको लगत्तैपछि सात सालको संघर्षलाई कुन बाटोमा लैजाने भनेर बिपी कोइराला र डा. डिल्लीरमण रेग्मीमा द्वन्द्व भएको थियो । सात सालको क्रान्तिपछि सरकार र पार्टीको सञ्चालनका हकमा मातृकाप्रसाद कोइराला र बिपीको लडाइँ भएको थियो ।

२००७ साल देखि २०१७ सालभित्रको अवधिमा पार्टीभित्र प्रजातान्त्रिक परिपाटी, संविधानसभा र राजाको स्थानलाई लिएर मतान्तर चलिरह्यो । वीरगञ्ज अधिवेशनमा सुवर्णसम्शेर र गणेशमान सिंहको प्रतिद्वन्द्वितामा यसको झल्को पाइन्छ । यस्तै द्वन्द्वका बीच २०१५ सालको आमचुनाव सम्पन्न भयो । कांग्रेसको सातौं महाधिवेशन हुँदा बिपी कोइराला प्रधानमन्त्री हुनुहुन्थ्यो । त्यस महाधिवेशनले बिपीलाई पार्टी सभापतिमा निर्वाचित गर्‍यो । तर लोकप्रियताको शिखरमा रहेका बिपी सर्वसम्मत हुनुभएन । भूदेव राई उहाँका विरोधमा उभिएका थिए । बिपी कोइरालाको जीवनकालको त्यो आखिरी अधिवेशन थियो । झन्डै तीस वर्षको अन्तरालपछि कलबलगुढी झापामा मात्र आठौं अधिवेशन सम्पन्न भयो । तीस वर्षको अन्तरालको कांग्रेस पार्टीको इतिहासको सामान्य लेखाजोखा समेत हामीले अझै गरेका छैनौं । यो एक बिडम्वना हो ।

तीस वर्षको अन्तरालपछि नेपालमा बहुदलीय व्यवस्थाको पुन:स्थापना भयो । तत्काल नै त्यसपछि नेपाली कांग्रेसभित्र कठिन अन्तर्संघर्ष सुरू भयो । आठौं अधिवेशनमा कलबलगुढीमा प्रकट भएको गणेशमान सिंहको चित्कार हाम्रो पार्टीको इतिहासको एक अविस्मरणीय परिघटना हो । जननिर्वाचित सरकारका प्रमुखका रूपमा गिरिजाप्रसाद कोइरालाले आफ्नो विशेषाधिकारको दावी गर्नुभयो । उता जनआन्दोलनका नेता र सत्याग्रहका भाष्यकार किसुनजी (कृष्णप्रसाद भट्टराई) ले आफ्नो अग्रताको दावी गरिरहनुभयो ।

पार्टी इतिहासमा यो विकटतम र अमर्यादित द्वन्द्व थियो । कांग्रेसले अझै पनि त्यसको तुष भोग्दै छ । कांग्रेसको स्वस्थ र सैद्धान्तिक विकासका निमित्त इतिहासका यस्ता पात्रको अभिलेखको अध्ययन हुनु आवश्यक छ । हरि शर्माले यस दिशामा एउटा उल्लेखनीय कदम चाल्नुभएको छ । अहिलेलाई हामीले कांग्रेसको विचारधारा र सिद्धान्तलाई कसरी समयानुकूल बनाउने ? नेपालभित्र मात्र होइन कि नेपालको चौहद्दीभित्र पनि कसरी प्रासंगिक बनाउने भन्ने विषयमा हरि शर्माले चिन्ता व्यक्त गर्नुभएको छ ।

एक्काईसौं शताब्दीमा कुनै पनि मुलुक आफ्ना चौहद्दीभित्र सीमित रहेर मात्र बाँच्न र हुर्कन सक्दैन । नेपाल त अझ सक्दै सक्दैन । नेपाल एक अत्यन्त बिकट भूराजनीतिमा अवस्थित छ । भारत र चीन विकासको तथाकथित राजमार्गमा अन्धवेगमा हुइकिँदै छन् । दुवैको शक्ति, सामर्थ्य र प्रतिस्पर्धा झन्झन् चर्किँदै छ । कुनै समय पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुंगा बीचको तरूल भनेका थिए भनिन्छ । त्यो किन भनेका थिए कुन्नि! तर निकट भविष्यमा नेपालले कथित तरूलले भन्दा पनि अप्ठ्यारो समयको सामना गर्दैछ ।

राम्रा राजनीतिक दलहरू यस विषयमा के कति सजग र जिम्मेवार छन्, यसै भन्न गाह्रो छ । झट्ट हेर्दा यो एक कूटनीतिक चुनौती देखिन्छ । तर कूटनीति, अर्थनीति र राजनीति अलग अलग स्वायत्त विषय होइनन् । त्यसैले आगामी महाधिवेशनका सहभागीले बदलिँदो विश्वलाई पनि नजरअन्दाज गर्न सक्दैनन् । आजको विश्व एउटा सानो गाउँ बनिसकेको छ । एउटा राष्ट्रिय राज्यले सानो टापूका रूपमा कदापी निर्वाह गर्न सक्दैन । कुनै समय हाम्रा पुर्वजले वसुदैव कुटुम्वकम भन्ने आदर्श प्रस्तुत गरेका थिए । आज अघिका कुनै पनि युगका तुलनामा यो महावाक्य विश्वका निमित्त सान्दर्भिक र अनिवार्य भएको छ । त्यसो हुँदा सिंगो विश्वलाई एकसाथ उत्प्रेरित, स्पन्दित र एकताबद्धसमेत गराउन सक्ने मूल्य, मान्यता र चिन्तन आजको खाँचो हो ।

द्वितीय महायुद्धको लगत्तैपछि एसियाई समाजवादले यो भूमिका गर्न खोजेको थियो । बिपी कोइराला यस अभियानका प्रखर प्रवक्ता र वहाक हुनुहुन्थ्यो । सन् २०२२ आएर यो आवश्यकता झन्झन् मुखरित भएको छ । विश्व कम्युनिस्ट आन्दोलनले यस आवश्यकतालाई सम्बोधन गर्ने कुरो पर जाओस्, आत्मसातसमेत गर्न सक्दैन । बिपी कोइरालाको पार्टीले आफ्नो इतिहास सम्झिने हो भने यो काम गर्न सक्छ । समाजवादी गंगा सुकेकी छैनन् । महादेवको जटामा अलमलिएकी मात्र हुन् । तीन पुस्ताको प्रतिक्षापछि राजकुमार भगीरथले ठूलो तपस्या गरेर गंगा अवतरण गराएका थिए । कांग्रेसको चौथो पुस्ताको काँधमा यो दायित्व आएको छ । आफ्नो विचारउत्तेजक प्रस्तुतिको पुछारमा हरि शर्माले लेख्नुभएको छ –

'यसले के देखाउँछ भने बिपीले कांग्रेसलाई नेपालभित्र मात्र होइन यसका विचारहरू नेपाल बाहिर पनि जान सक्ने नैतिक बल भएको पार्टी बनाउन चाहनुभएको थियो। उहाँले चाहेजस्तो पार्टी अहिले कहाँ छ ?' आसन्न महाधिवेशनमा उपस्थित मात्र हुन आएका नयाँ अनुहारले उपर्युक्त प्रश्नको उत्तर खोज्ने दिशामा थोरै मात्र पनि सोच्न सकेको खण्डमा एउटा लामो यात्राको पहिलो डेग सिद्ध हुनेछ । एउटा कुरा सम्झनै पर्छ, समाजवादी आन्दोलन आफ्नो न्वारानदेखि नै संसदीय व्यवस्था सधैं कडा आलोचक रह्यो । मार्क्स, लेनिन, ट्रस्की र रोजा लक्जम्बर्ग समेतले पनि सबै किसिमको संसदीय व्यवस्थालाई बुर्जुवा राज्य व्यवस्थाको अधिरचना (सुपर स्ट्रक्चर) मात्रका रूपमा लिए ।

संसदीय व्यवस्थामा बहुमत हासिल गरे पनि समाजवाद पार्टीले चिताएजस्तो समतामूलक समाजका तर्फ फड्को हाल्न सकिँदैन भन्नेमा सबै थरीका समाजवादीहरू विश्वस्त थिए । वर्गविहीन समाजको कुरै छाडिदिउँ, सामाजिक न्यायका प्रारम्भिक कदम पनि संसदीय व्यवस्थामा उपलब्ध गराउन गाह्रो छ भन्ने स्वयं हाम्रो अनुभव छ । भारतमा जवाहरलाल नेहरूका पालादेखि चन्द्र शेखर, मधुदण्डवते, जर्ज फरनान्डिससम्मले सामाजिक न्यायका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल लगेको दावा गर्न सक्दैनन् । विश्वविश्रृत जयप्रकाश नारायणले राजनैतिक दलको यस्तै प्रवृत्तिहरू देखेर गैरदलीय मौलिक राजनीतिक प्रणालीको परिकल्पना गरेका थिए । मार्क्स, लेनिनले अन्यन्त कटु भाषामा संसदवादको आलोचना गरेका छन् । महात्मा गान्धीले अझ उनीहरूलाई पनि उछिनेर संसदवादको फोहोर निन्दा गरेका छन् ।

संसदीय व्यवस्थाले मानिसलाई एउटा मतदाताभन्दा अर्थोक ठान्दैन । मानिसको गुणवत्ता, चरित्र र क्षमता हेरिँदैन भन्ने आलोचना पुरानो हो । लोकतन्त्रमा मानिसको टाउको गनिन्छ तर वजन हेरिँदैन, गुदी र गिदीको गन्ती हुँदैन भनेर अकवर इलाहवादीले शेर सुनाएका थिए । संसदमा भाग लिने होइन, संसदलाई उपयोग गर्न मात्र जाने हो, यसको दलदलमा भासिने होइन भनेर धेरै बामपन्थी पार्टीहरू संसदमा पसेका छन् । संसदमा एकपटक छिरेपछि ब्राजिलका लुइ लुला दसल्वादेखि नेपालका पुष्पकमल दाहालसम्म पालतु मात्र हैन फाल्तु भएर गएका छन् । किन होला ? के एक्काइसौं शताब्दीको समाजवादले यस समस्याको समाधान खोज्ला ? विकट र सुदीर्घ सैनिक तानाशाहीको द्वन्द्वमा पिल्सेर पनि अझै जिउँदै रहेको नेपाली कांग्रेसको महाधिवेशनमा उपस्थित भएका सैकडौं हैन कि हजारौं नौजवानलाई यस प्रश्न प्रति आकृष्ट गर्ला ? - साभार: सेतोपाटी

# स्थानीय तहमा मौलाउँदै बेरुजु र भ्रष्टाचार



बाबुकाजी कार्की

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले राष्ट्रपतिसमक्ष पेस गरेको आयोगको ३१ औं वार्षिक प्रतिवेदनमा सबैभन्दा बढी संघीय मामिलाअन्तर्गत स्थानीय तहलगायतका कार्यालयको उजुरी परेको उल्लेख छ । आयोगमा परेका कुल उजुरीमध्ये ३२.७२ प्रतिशत यी कार्यालयको रहेको छ । वर्तमान संविधानअनुसार स्थानीय तहमा समानीकरण, ससर्त, विशेष र समपूरक गरी चार प्रकारका अनुदान सीधै जाने व्यवस्था गरेको छ ।

यसैगरी संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारअन्तर्गत स्थानीय कर, विकास आयोजना तथा परियोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, बजार व्यवस्थापन, सडक, ग्रामीण सडक, सिँचाइ, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद् व्यवस्थापनजस्ता नागरिक जीवनलाई प्रत्यक्ष सरोकार राख्ने विषयलाई समावेश गरिएको छ । यी क्षेत्रहरूको समुचित व्यवस्थापन विधि नीतिभन्दा पनि व्यक्तिको स्वेच्छचारिताका कारण बेरुजु र भ्रष्टाचार स्थानीय तहमा मौलाउँदो छ ।

सार्वजनिक खरिद ऐन-नियमको बेवास्ता गर्दै स्वार्थप्रेरित भई वातावरणीय अध्ययनबिना नै अनावश्यक ठाउँमा सडक निर्माण गर्ने, दोहोरो-तेहोरो एउटै योजनामा बजेट खन्याउने, आवश्यकता र औचित्यबिना कर्मचारी भर्ना गर्ने, प्रवर्द्धनात्मक कार्यक्रमका बजेट कागजपत्र मिलाएर दुरुपयोग गर्ने, पदाधिकारीले नै डोजरे विकासको होडले अनियमितता मात्र नभएर प्राकृतिक प्रकोपको अनिष्ठलाई पनि निम्त्याएको अध्ययन अनुसन्धान र अनुभवले पुष्टि गरेको छ । अनियमितता र भ्रष्टाचारलाई निरुत्साहित गर्न प्रभावकारी अनुगमन निरीक्षणको अभावका कारण पनि विकृति-विसंगति झांगिँदै गएको सहजै अनुमान गर्न सकिन्छ ।

आर्थिक अनुशासनहीनताका कारण बर्सेनि बेरुजूमा बेलगाम वृद्धि भइराखेको महालेखाको प्रतिवेदनले उजागर गरेको छ । राष्ट्रपतिलाई महालेखा परीक्षकले बुझाएको आर्थिक वर्ष २०७६-०७७ को ५८ औं वार्षिक प्रतिवेदनअनुसार संघ, प्रदेश र स्थानीय तह र अन्य समिति तथा संस्थाहरूको बेरुजु रकम ४ खर्ब १८ अर्ब ८५ करोड पुगेको छ । यो गत वर्षभन्दा ०.१३ प्रतिशतले बढेको छ । यस वर्षको मात्र बेरुजु १ खर्ब ४ अर्ब ३९ करोड देखिएको छ । बेरुजु रकम तीनै तहका सरकारी निकाय र सार्वजनिक संस्थाहरूमा प्रत्येक वर्ष बढ्ने गरेको तथ्यांकले पुष्टि गरेको छ । अध्यावधिक कार्बाही गरी टुंगो लगाउनुपर्ने रकम गत वर्षसम्म रु. ६ खर्ब ६४ अर्ब ४४ करोड रहेकोमा यस वर्ष ११ अर्ब ९७ करोड थप भई रु. ६ खर्ब ७६ अर्ब ४१ करोड पुगेको छ । अहिलेसम्म बेरुजु नियन्त्रणका लागि अपनाइएका उपायहरू कागजी बाघ मात्र भएका छन् ।

बेरुजु भन्नाले ऐननियममा तोकिएको विधि र सर्त पूरा नगरी गरिएको खर्च हो । त्यस्तो खर्च अनियमितताका कारण आर्थिक अनुशासनको सुनिश्चिततामा गम्भीर चुनौती बन्दै गएको जगजाहेर नै छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७२ को दफा (२) अनुसार बेरुजुलाई प्रचलित कानुनबमोजिम पुर्‍याउनुपर्ने रीत नपु-याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याएका वा ठहराएको कारोबार हो भनी परिभाषित गरिएको छ । लेखापरीक्षण सम्पन्न गरिसकेपछि देखिएका बेहोरा समावेश गरी सम्बन्धित कार्यालयलाई उपलब्ध गराइएको प्रतिवेदन लेखापरीक्षण प्रतिवेदन हो । यस्तो प्रतिवेदनमा लेखापरीक्षणका लागि तोकिएका आधारहरू अवलम्बन गर्नुपर्ने सैद्धान्तिक मान्यता छ । स्वतन्त्र लेखापरीक्षणका लागि संवैधानिक सर्वोच्च निकाय महालेखा परीक्षकको कार्यालय हो । लेखापरीक्षणलाई सुव्यवस्थित र प्रभावकारी बनाउन विभिन्न नीतिनियम र सिद्धान्तहरू प्रतिपादित गरिएका हुन्छन् । लेखापरीक्षण ऐन-२०७५, नेपाल सरकारी क्षेत्र लेखापरीक्षण मानदण्ड, सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनद्वारा प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको आधारमा जोखिम पहिचान र मूल्यांकन गरी योजना तर्जुमा गर्ने, लेखापरीक्षणका क्रममा पर्याप्त र सान्दर्भिक प्रमाण संकलन गर्न नमुना छनोट एवम् विस्तृत परीक्षण गर्ने, सोको लागि मुख्यत: स्थलगत निरीक्षण, प्रश्नावली, सोधपुछ, छलफल आदि माध्यमबाट जानकारी सूचना, विवरण प्राप्त गरी सारभूत परीक्षण, परिपालनको परीक्षण विधि तथा पद्धतिको पूर्ण अवलम्बन विरलै गरेको कारण बेरुजु बढ्दै गएको देखिन्छ ।

संघीय संरचनाअनुसार तीन तहको सरकारमध्ये जनताको नजिकबाट सेवा प्रवाह गर्ने भूमिकामा स्थानीय तह महत्वपूर्ण छ । स्थानीय तहमा सुशासन कायम हुन नसकेमा जनताले अनावश्यक दु:ख पाउने मात्र नभएर संघीयताप्रति नै वितृष्णा जाग्ने वास्तविकता हो । स्थानीय तहमा वित्तीय सुशासन कमजोर रहेको विभिन्न तथ्यांकले पुष्टि गरेको छ । राजनीतिक खिचातानी, पदाधिकारीहरूको मनोमानी आदेश, निर्देश र हस्तक्षेप, समयमा नै कर्मचारीहरूको पदपूर्तिमा उदासीनता आदि कारणले बेरुजु र भ्रष्टाचार मौलाउँदो अवस्था देखिन्छ । आव २०७४-७५ मा ७ सय ४७ स्थानीय तहको ५ खर्ब ७१ अर्ब ५१ करोडको अन्तिम लेखा परीक्षण हुँदा बेरुजु अंक २४ अर्ब १४ करोड अर्थात ४.२१ प्रतिशत रहेकोमा आव २०७५-७६ मा ७४७ नै स्थानीयतहको ७ खर्ब ४० अर्ब ६५ करोड अन्तिम लेखा परीक्षण हुँदा बेरुजू अंक ३८ अर्ब १३ करोड अर्थात ५.१५ प्रतिशत बेरुजूले पनि वित्तीय सुशासन कमजोर रहेको पुष्टि हुन्छ । त्यस्तै भ्रष्टाचारका तथ्यांक र घटनाहरूको ग्राफ पनि स्थानीय तहमा बढ्दो क्रममा नै छ । आर्थिक अनुशासन, वित्तीय पारदर्शिता र जवाफदेहिता पालना नभएमा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने वास्तविकता हो । कमजोर व्यवस्थापनका कारण तोकिएको प्रक्रियाको पालना नहुँदा लक्षित वर्गले विकासको फल प्राप्त गर्न सक्दैनन् । यस्तो विसंगतिले सरकारप्रति जनताको वितृष्णा बढ्न गई अराजकता मौलाउने जोखिम प्रबल रहन्छ ।

लेखापरीक्षण बेरुजु बढ्नुका कारण विविध हुन सक्छन् । वित्तीय कारोबारमा संलग्न जिम्मेवार व्यक्ति र निकायले विद्यमान कानुनको परिपालना नगरी यथेष्ट प्रमाण र आधारबेगर खर्च गर्ने प्रवत्तिका कारण बेरुजु बढ्दै गइरहेको छ । खर्च लेख्दा खर्च पुष्ट्याइँका लागि तोकिएका कानुनी प्रावधान, निर्णय, कागजात प्रमाणबेगर तथा लेखापरीक्षकलाई विभिन्न किसिमले प्रभाव पारिहालिन्छ भन्ने विश्वासका कारणले पनि बेरुजु बेथिति मौलाउँदै गएको छ । बेरुजुकर्तालाई कसुरअनुसार कडा कारबाही नगरी उन्मुक्ति दिने कारणले पनि आर्थिक कारोबारमा अनियमितता सामान्य बन्दै गएको हो ।

अहिले पनि तोकिएका समयमै सबै निकायहरूको लेखापरीक्षण सम्पन्न भएको छैन । तसर्थ, बेरुजुको रकम योभन्दा बढी हुने सम्भावनालाई नकार्न सकिन्न । लेखापरीक्षण कार्य तोकिएका आचारसंहिता पूर्ण रूपमा पालना हुने नगरेको गुनासाहरूलाई पुष्टि गर्ने कतिपय घटनाहरू सार्वजनिक हुने गरेको जगजाहेर नै छ । अहिले पनि खर्च गरिएको रकमलाई नियमितता गराउन केही प्रतिशत रकम लेखापरीक्षकलाई छुट्याउने परम्परा खुला गोप्य नै हो । लेखापरीक्षकको निष्ठा, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्यमान्यता नै आचारसंहिता हो ।

लेखापरीक्षकबाट पालना गर्नुपर्ने पेसागत व्यवहार, क्रियाकलाप, चरित्र, स्वभाव, चालचलन र सामाजिकीकरणजस्ता आधारभूत सर्तहरू पालना विरलै भएको होला । लेखापरीक्षकहरूको आचारसंहिता, २०७० जारी भए तापनि व्यवहारमा पर्याप्त अनुसरण नगरिएको वास्तविकतालाई नकार्न सकिन्न । - साभार: कारोबार

# लोकप्रिय बन्दै ‘मट्का चिया’



तुलसीपुर (रासस)/ हातमा मट्का चिया हुन्छ । नजर नाचतिर त्यो पनि म्युजिकसहितको हुन्छ । मट्काको स्वाद र टिकटक बनाउनेको नाचले त्यसै पनि मनोरञ्ज थप्ने गरेको हुन्छ, मट्का चिया घरमा । ‘ओपन रेष्टुरेन्ट’ र ‘नेचुरल’ हावाको आनन्द लिँदै टिकटक बनाउनेको नाच हेर्नेले उत्तिकै मनोरञ्जन लिने गर्छन्, त्यसैले छोटो समयमै चर्चित बन्यो ‘मट्का चिया घर’ ।

दाङ-सुर्खेत सडक खण्डको केही उत्तरतर्फ । तुलसीपुर-९ बेलुवामा रहेको उक्त मट्का घर नामले नै चर्चा छ । त्यसमा पनि मट्का चियाको सेवाले पनि उत्तिकै चर्चा पाउँछ ।

त्यहाँको मट्का चिया, मट्का विरियानी, कटिया, मट्का मासुको स्वादसँगै टिकटकमा रमाउनेको भीड हुन्छ । ओभरहेड लाइट, टिनर लाइट, भिल्ला, लभ र पिङमा सेल्फी हान्ने पनि उत्तिकै हुन्छन् ।

दिनभर कामको थकान मेटाउन त्यहाँ जाने धेरै हुन्छन् । “दिनभर कामको थकान हुन्छ”, मट्का चियामा पुगेका नारायणपुरका विक्रम बुढाथोकीले भने, “मट्कामा जाँदा मट्काको स्वाद र त्यहाँको झिलिमिली हेर्दा थकान मेटिन्छ ।”

कोही टिकटक बनाउनकै लागि पनि आउने गर्छन्, भने कोही मट्का चियाको स्वाद लिन आउने गर्छन् । “मलाई मट्का चिया भन्नेवित्तिकै मनपर्छ”, तुलसीपुर-६ निवासी रतिराम नेपालीले भन्नुभयो, “त्यसैले मट्का चियाको स्वाद लिन आउने गर्छु ।”

मट्का चिया टिकटकमा पनि त्यत्तिकै छाउने गरेको छ । “मैले टिकटकमा देखेँ, त्यसैले यहाँ टिकटक बनाउनकै लागि आएँ”, घोराही भरतपुरकी दिक्षा अधिकारीले भने, “यहाँ आउँदा यहाँको सजावट राम्रो लाग्यो ।”

मट्का चिया र विरियानी नै धेरै बिक्ने गरेको सञ्चालक सन्दीप भुसालले बताए । त्यसबाहेक मट्का मासु, कटिया, दही, लस्सी, आइस्क्रिम, पिज्जाको पनि उत्तिकै माग हुने गरेको उनको भनाइ छ । अहिले टिकटक बनाउनकै लागि पनि आउने धेरै रहने गरेको उनी बताउँछन् । “प्राय: शनिबार र अपराह्नका समयमा निकै भीडभाड हुन्छ, कहिल्यै थेग्नै नसकिने भीड पनि हुन्छ”, उनले भने “टिकटक बनाउनकै लागि आउने पनि उत्तिकै हुन्छन्, मट्काका लागि पनि उत्तिकै आउछन् ।”

यहाँको ‘आइडिया’ हेर्नकै लागि धनगढीबाट आउने गर्छन् । पोखरा, काठमाडौँलगायत बाहिरी जिल्लाबाट आएका पनि मट्काको स्वाद नचाखी फर्किदैनन् । टिकटकबाटै हेरेका कारण पनि त्यसको अवलोकन गर्न मान्छे पुग्ने गरेका भुसाल बताउँछन् ।

अब लगतकै त्यहाँ चिल्ड्रेन पार्क पनि सञ्चालनमा ल्याउने तयारी रहेको उनी बताउँछन् । मासिक १४ हजारमा करिब सात कठ्ठा जग्गा भाडामा लिएर व्यवसाय सुरु गरेको उनले बताए । पाँच युवाले मिलेर उक्त मट्का घर सञ्चालनमा ल्याएका हुन् । भुसालसँगै आकास सिंह, दीपेन्द्र भट्टराई, रवि क्षेत्री र मनिष धितालको लगानी छ । त्यतिमात्रै होइन, धेरै राम्रा होटेल तथा लजको अवलोकनपछि त्यसलाई प्रेरणाका रुपमा लिएर सञ्चालन गरेको उनी बताउँछन् ।

“हामीले विभिन्न ठाउँमा गरेका होटेल तथा लजको अवलोकन गर्‍यौँ, त्यसको सिको हामीले यहाँ गर्‍यौँ”, भुसाल भन्छन् । फालिएका टायरलाई समेत प्रयोग गरी रोपिएका फूलहरुले पनि उत्तिकै सुन्दरता बढाएको छ । जिल्लामा ओपन रेष्टुरेन्ट विरलै छन् ।

त्यसले पनि लोकप्रियता बढाएको भुसालको भनाइ छ । मान्छे ‘नेचुरल’ हावामा रमाउन चहाने भन्दै ‘ओपन रेष्टुरेन्ट’ आवश्यक रहेको उनी बताउँछन् । मट्का चिया धेरै भए पनि मट्का विरियानी जिल्लामा नभएकाले नै सञ्चालन भएको पाँच महिनामै निकै लोकप्रिय बनेको उनको भनाइ छ । “हामीले असार ३ गते उद्घाटन गरेका हौँ, त्यसपछि नियमित ग्राहाकको घुइँचो लाग्ने गर्छ”, उनले भने, “दैनिक दुई/तीन जन्मदिन मनाउने र २५० भन्दा बढीलाई सेवा दिन पाइएको छ ।” अबको केही समयमा मट्का तन्दुरी बनाउने तयारी रहेको उनले बताए । “अहिले मट्काको क्रेज पनि धेरै छ, स्वाद पनि राम्रो हुन्छ”, उनले भने, “त्यसैले मट्कामा बनेको खानेकुराप्रति धेरै मान्छे प्रभावित हुने गरेका छन् ।” करिब ६० लाख लगानीमा उक्त मट्का घर सञ्चालनमा ल्याइएको हो ।

**माटाका भाँडाको माग**

मट्का चियाको माग बढेपछि माटाका भाँडाको पनि उत्तिकै माग बढेको छ । अहिले मट्का चिया तुलसीपुरमा मात्रै दैनिक १०० भन्दा बढी मट्का चिया मात्रै बिक्री हुन्छ, भने ४० भन्दाबढी विरियानी बिक्री हुने गरेको छ । यसले माटाका भाँडाको माग बढाएको भए पनि तुलसीपुरबाट त्यो आपूर्ति हुने अवस्था छैन ।

अहिले देउखुरीबाट माटाका भाँडा ल्याउनुपर्ने अवस्था रहेको सञ्चालक भुसालले बताए । अहिले त्यहाँ १४ जनालाई रोजगार प्रदान गरिएको सञ्चालक भुसालले बताए ।

## इजाजत नलिई बैकिङ कारोबार गर्ने पक्राउ



चितवन (रासस)/ जिल्ला प्रहरी कार्यालय चितवनले मेक्स मि इ-कमर्स इन्टरनेशनलले अवैधरुपमा बैंकिङ कारोबार गरेको जनाउँदै सञ्चालकलाई पक्राउ गरको छ । पक्राउ पर्नेमा संस्थाका कार्यकारी निर्देशक दैलेख आठबिस नगरपालिका-७ घर भई हाल जिल्ला भरतपुर महानगरपालिका-७ का २७ वर्षीय पुष्पराज तिमिल्सेना छन् ।

नेपाल राष्ट्र बैंकबाट मान्यता (इजाजत) प्राप्त रहेको भनी सर्वसाधारणलाई झुक्याउन सफल मेक्स मि इ-कमर्सले राम्रो ब्याज दिने संस्था रहेको भन्दै आर्थिक प्रलोभनमा पारेर निक्षेप संकलन र ऋण प्रवाह गर्दै आइरहेको प्रहरीले जनाएको छ ।


प्रहरीका अनुसार तिमिल्सेना आफैँले नेपाल राष्ट्र बैंकको नक्कली इजाजत पत्र तयार गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ । सञ्चालक तिमिल्सेनाविरुद्ध ठगीसम्बन्धी अपराधको जाहेरीसमेत परेपछि प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

उनलाई चितवन जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता नरहरि अधिकारीले जानकारी दिए ।

पक्राउ परेका तिमिल्सेनालाई मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ बमोजिम सात वर्ष कैद र ७० हजार जरिवान सजाय हुने कानूनी व्यवस्था छ ।

समाचार, विचार, विज्ञापन, साहित्यलगायतका सामाग्रीहरु दिनु परेमा हामीलाई सम्झनुहोस ।

# नेपालमा पनि ओमिक्रोन भेरियन्ट देखिएसँगै उच्च सतर्कता



काठमाडौँ (रासस)/ नेपालमा कोभिड-१९ को भाइरसमा नयाँ उत्परिवर्तन ओमिक्रोन भेरियन्ट देखिएको छ । यही मंसिर ८ गते दक्षिण अफ्रिकामा देखिएको ओमिक्रोन भेरियन्ट त्यसको १२ दिनपछि नेपालमा देखिएको हो ।

नेपालमा पनि आइतबार राति टेकुस्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षणका क्रममा दुई व्यक्तिमा सो भेरियन्ट देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले जानकारी दिए ।

उनका अनुसार नयाँ भेरियन्ट पुष्टि भएको देश हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय हवाई नाका प्रयोग गरी नेपाल प्रवेश गरेका एक ६६ वर्षीय विदेशी नागरिक र उनको सम्पर्कमा आएका ७१ वर्षीय अर्का एकजनामा ओमिक्रोन भेरियन्ट देखिएको हो । दुवै जनाको प्रयोगशालाको जीन सिक्वेन्सिङ गर्दा ओमिक्रोन देखिएको हो । नेपालमा पहिलो पटक कोभिड-१९ को संक्रमण २०७६ माघ ९ गते देखिएको थियो । चीनको वुहानबाट नेपाल आएका एक जनामा संक्रमण देखिएको थियो ।

विदेशी नागरिकको सुरुमा नेपाल आउँदा पिसिआर गर्दा नेगेटिभ देखिएको र कोरोना भाइरस विरुद्धको खोपको मात्रा पूरा गरेको पाइएको थियो । त्यसपछि मंसिर ७ गते ती विदेशी र उनका नजिकको सम्पर्कमा आएका एक ७१ वर्षीय व्यक्तिको कोभिड-१९ सँग मिल्दाजुल्दा लक्षण देखिएपछि परीक्षण गर्दा कोभिड-१९ को नतिजा पोजेटिभ आएको थियो ।

“कोभिड-१९ पोजिटिभ आएकाको S-gene परीक्षण गर्नुपर्ने हालको नयाँ रणनीतिअनुरुप परीक्षण गर्दा दुवै जनाको नमूनामा S-gene फेला परेको थिएन”, उनले भने, “S-gene फेला नपरेका उक्त दुवै नमूनाको टेकु प्रयोगशालामा जीन सिक्वेन्सिङ गर्दा कोभिड-१९ को नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा पहिलो पटक पुष्टि भएको हो ।”

उनका अनुसार हाल दुवै जना सरकारले तोकेको मापदण्डानुसार आइसोलेसनमा रही स्वास्थ्यलाभ गरिरहेका छन् । ती दुई संक्रमितमा कुनै लक्षण नदेखिएको र स्वास्थ्यकर्मीको निगरानीमा रहेको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिए । मन्त्रालयले उक्त दुई व्यक्तिसँग सम्पर्कमा आएकाको कन्ट्याक्ट ट्रेसिङगमा रहेका ६६ जनाको पिसिआर परीक्षण गर्दा नेगेटिभ रिर्पोट आएको छ ।

**ओमिक्रोन रोकथामका प्रयास**

नेपालमा ओमिक्रोन भेरियन्ट देखिएसँगै निगरानीका लागि सर्भिलेन्स तथा कन्ट्याक्ट ट्रेसिङगको कार्यलाई थप प्रभावकारी बनाइएको उनले बताए । ओमिक्रोनको जोखिम न्यूनीकरण गर्न सरकारले विभिन्न प्रयास जारी राखेको छ । नेपालले अन्तरराष्ट्रिय हवाई तथा स्थल नाकामा यात्रुको आवतजावतलाई व्यवस्थित गर्न सबै यात्रुको नेगटिभ पिसिआर रिर्पोट अनिवार्य गरेको छ ।

यस्तै खोपको विवरण लिने गरेको, लक्षण तथा चिन्हको जाँच गर्ने व्यवस्था गरेको तथा हवाई र स्थल नाका भई प्रवेश गर्ने पूर्णमात्रा खोप नलगाएका र शंकास्पद सबै यात्रुको एन्टिजेन परीक्षण गर्ने गरिएको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिए । एन्टिजेन परीक्षणमा पोजेटिभ फेला परेकाको नमूना संकलन गरी पिसिआर गर्ने र शंकास्पद नमूनाको जीन सिक्वेन्सिङ गर्ने गरिएको छ ।

यस्तै विगत एक महिना अगाडिदेखि पोजिटिभ भएका नमूनाको थप परीक्षण गर्ने गरिएको उनले बताए । यही मंसिर १३ गते बसेको मन्त्रिपरिषद्को बैठकले ओमिक्रोन फैलिन नदिन दक्षिण अफ्रिका, बोत्सवाना, जिम्वाब्वे, नामिबीया, लेसोथो, इसवाटिनी, मोजाम्बिक, मलावी र हङकङबाट नेपाल आउनेलाई प्रवेश अनुमति नदिने निर्णयसमेत गरेको छ । ओमिक्रोन भाइरस सर्ने दर र सं्रमणबाट हुने स्वास्थ्य जटिलताका सम्बन्धमा वैज्ञानिक तथ्यको खोज भइरहेको छ । ओमिक्रोन भेरियन्टमा धेरै संख्यामा उत्परिवर्तन रहेका र तीमध्ये केही चिन्ताजनक रहेका छन् ।

कोभिड-१९ का अरु भेरियन्ट जस्तै ओमिक्रोनको संक्रमणबाट बच्न पनि जनस्वास्थ्यका सबै मापदण्डको पालना (मास्कको सही प्रयोग, भौतिक दुरी कायम गर्ने, भीडभाड नगर्ने तथा हात धुने कार्य, हावा आवतजावत रामो हुने स्थानमा बस्ने) र खोपको प्रयोग महत्वपूर्ण हुने भएकाले सबैमा मापदण्डको पालना गर्न र खोप अभियानमा सहभागी हुन मन्त्रालयले अनुरोध गरेको छ ।

ओमिक्रोन भेरियन्ट विश्वका ३५ देशमा फैलिसकेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । ति देशमा ५७४ जना उक्त भेरियन्टबाट संक्रमित भएका छन् ।

विश्व स्वास्थ्य संगठनले गरेको प्रारम्भिक आकलन अनुसार दक्षिण पूर्वी एसियामा ओमिक्रोनको उच्च जोखिम रहेको उल्लेख छ । दक्षिण एशियाका केही देशमा समेत ओमिक्रोन भेरियन्ट पुष्टि भइसकेको छ । भारतमा गत शुक्रबार मात्र संक्रमण भएको पुष्टि भएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ

प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

## एशिया कप क्रिकेटका लागि खेलाडी छनोट

काठमाडौँ (रासस)/ नेपाल क्रिकेट संघ (क्यान) ले एसिसी यु-१९ पुरुष एशिया कप क्रिकेट प्रतियोगिताका लागि २० सदस्यीय खेलाडीको छनोट गरेको छ ।

यही डिसेम्बरमा आयोजना हुने भनिएको उक्त प्रतियोगिताका लागि क्यानले २० सदस्यीय खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाएको हो । क्यानले हिजोमात्रै सम्पन्न यु-१९ राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने २० खेलाडीलाई बन्द प्रशिक्षणमा बोलाइएको जनाएको छ ।

क्यानका अनुसार नेपाली टोलीले बुधबारदेखि प्रशिक्षण थाल्नेछन् । एशिया कप क्रिकेट संयुक्त अरब इमिरेट्स (युएई)मा डिसेम्बर २० देखि जनवरी २ तारिखसम्म हुने तालिका रहेको छ । उक्त प्रतियोगितामा नेपालसँगै आयोजक युएई, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका, अफगानिस्तान र कुवेतको सहभागिता रहनेछ ।

बन्द प्रशिक्षणमा छनोट भएका खेलाडीमा देव खनाल, मोहमद हुसेन, वसिर अहमद, सन्तोष कार्की, विवेक यादव, विवेक राना मगर, तिलक राज भण्डारी, सोनु अन्सारी, दिपेश कँडेल र अर्जुन यादव रहेका छन् । त्यसैगरी कमल परियार, अनुजकुमार चुनारा, प्रकाश जैशी, वसन्त कार्की, अर्जुन साउद, शेर मल्ल, राहुल भण्डारी, गुलशन झा, विपिन शाही र आदील अन्सारी छनोटमा परेका छन् ।

**बेतिनी भिनेयार्ड प्रा.लि.**

बागमती प्रदेश, मकवानपुर जिल्ला, बागमती गाउँपालिका वडा नं. ०९

**श्री बेतिनी भिनेयार्ड प्रा.लि. ले स्थापना गर्न लागेको वाईन उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

*(प्रथम पटक प्रकाशित मिति: २०७८/०८/२१)*

बागमती प्रदेश, मकवानपुर जिल्ला, बागमती गाउँपालिका वडा नं. ०९ को कित्ता नं. ४२८ मा श्री बेतिनी भिनेयार्ड प्रा. लि.ले बार्षिक ५,६२,५०० लिटर वाईन उत्पादन गर्ने उद्देश्यले स्थापना गर्न प्रस्ताव गरेको उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन गर्ने सिलसिलामा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावित हुने क्षेत्रहरुको भौतिक, जैविक, रासायनिक, सांस्कृतिक र आर्थिक तथा सामाजिक प्रणालि र अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न उक्त प्रस्ताव प्रभावित क्षेत्रमा पर्ने गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित रायसुझाव लिन वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम २ अनुसार प्रकाशित गरिएकाले, यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी रायसुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ ।

प्रभाव पर्न सक्ने क्षेत्रहरु बागमती गाउँपालिका ०९, मकवानपुर र सेरोफेरो

राय सुझाव पठाउने ठेगाना

| प्रस्तावक | परामर्शदाता | स्थानीय निकाय |
|---|---|---|
| श्री बेतिनी भिनेयार्ड प्रा.लि. | ईको एण्ड लिगल सर्भिसेज प्रा.लि. | बागमती गाउँपालिका कार्यालय |
| बागमती गापा ०९, मकवानपुर, बागमती प्रदेश | काठमाडौं, नेपाल | झुरझुरे, मकवानपुर |
| टेलिफोन नः ००९७७-९८५६०२५५०४ | ०१-५९०६६१७ | ००९७७-९८५५०८८४६६ |
| ईमेलः betinivineyard@gmail.com | ecopeace019@gmail.com | bagmatimun.makwanpur@gmail.com |

**हार्दिक बधाई**







नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत
बागमती प्रदेशको प्रथम अधिवेशनबाट बर्तमान मकवानपुर जिल्ला पार्टी सभापति
एवम् बागमती प्रदेश संसदीय दलका नेता
**माननीय ईन्द्रबहादुर बानियाँ ज्यू** अत्याधिक मत प्राप्त गर्दै
गरिमामय प्रदेश सभापतिमा बिजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै
उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

**माउण्ट एभरेष्ट होटल प्रा.लि. परिवार**

हेटौंडा-१०, मकवानपुर

# भाट-भटेनीले चम्कायो चौकीटोल

प्रवेश धिताल 'कुन्दन'

हेटौंडा/३७ वर्षअघि स्थापना गरिएको मुलुककै चर्चित व्यवसायिक सुपर मार्केट भाट-भटेनीले हेटौंडामा २० औं शाखा संचालनमा ल्याउँदै छ ।

भाट-भटेनी आफ्नै देशभर स्वच्छ प्रतिस्पर्धा र सामाजिक कार्यमा समेत तल्लीन हुने व्यवसायिक संस्थाका रुपमा परिचित छ । औद्योगिक नगरीसँगै बागमती प्रदेशको राजधानी हेटौंडामा भाट-भटेनीले स्थापनापछि आफ्नो क्षेत्रमा पर्ने हेटौंडा-१ र २ चौकीटोलका सडक मर्मत, रंगरोगन, बृक्षारोपण, बिद्युत पोल राख्ने, कुरुप बनेको खाद्य संस्थानको भवनमा समेत रंगरोगन र सजावटमा लगानी गरेको छ ।

भाट-भटेनीले हेटौंडा-१ र २ अन्तर्गतपर्ने त्रिभुवन राजपथसँग जोडिएका सडक दायाँबायाँ फराकिलो बनाउने, स्ल्याब, कालोपत्रे र बृक्षरोपण गरेर यस क्षेत्रलाई चम्काएको छ । भाट-भटेनी स्थापना हुनुअघि साँघुरो सडक, विद्युत पोलको कमिहुँदा रातको समयमा अँध्यारो हुने चौकीटोल सडक अहिले चम्किलो भइसकेको छ । यसका लागि भाट-भटेनीले करिब ८५ लाख



रुपैयाँ खर्चिसकेको छ ।

भाट-भटेनीका अध्यक्ष तथा प्रबन्ध निर्देशक मीनबहादुर गुरुङ्गले सामाजिक उत्तरदायित्व-अन्तर्गत सडक सजावट र चौकीटोल क्षेत्रलाई थप विकशित बनाउन रकम खर्चिएको बताए । 'व्यवसाय संचालन गरेपछि नाफाआर्जन मात्र गर्नुपर्छ भन्ने होइन ।' उनले भने, 'भाट-भटेनी खुलेपछि चौकीटोल क्षेत्र हाम्रो पनि हो, हामी पनि त्यहाँ बसेका छौं त्यसकारण पनि त्यस क्षेत्रको विकासमा लगानी गर्नु हाम्रो कर्तव्य हुनेछ ।'

अध्यक्ष गुरुङ्गले समाज विकासमा भाट-भटेनीले टेवा पुऱ्याउने र चौकीटोल क्षेत्रमा आफु सदैव हरेक विषयमा जोडिने दाबी गरे । उनले आगामी दिनमा पनि यस्ता कार्यलाई प्राथमिकतामा राखेर व्यवसाय संचालन गर्ने बताए । भाट-भटेनीका म्यानेजर बिनोद भट्टराईले समाजका विविध क्षेत्रमा लगानीसँगै विकासमा समेत सघाउ पुऱ्याउने योजना अन्तर्गत सडक सजावट गरिएको प्रतिक्रिया दिए । 'व्यवसायिक क्षेत्रबाट नाफाआर्जन गर्ने मात्र उद्देश्य राख्ने भन्दा पनि सामायिक क्षेत्रमा योगदान पुऱ्याउने हाम्रो लक्ष्य हो ।' म्यानेजर भट्टराईले भने ।

मंसिर २२ गते बुधबार देखि संचालनमा आउने भाट-भटेनीमा ३ दिन विशेष छुट योजना अघि सारिएको छ । भाडाँकुँडा, कपडा, खाद्य बस्तुमा १० प्रतिशत छुट, विद्युतिय यन्त्रहरु टिभी, वासिङ् मेसिन, फ्रिज जस्ता ठुला सामानमा २० प्रतिशत छुटसहित फ्रि होम डेलिभरी सेवा रहेको छ ।

भाट-भटेनीले हेटौंडादेखि निजगढसम्म गरी ६५ हजार घर धुरीका सबैलाई निमन्त्रणा गरेको छ । यसअघि भक्तपुर, ललितपुर, काठमाडौ (उपत्यकामा ८ स्थानमा), सुनसरीको धरान, मोरङको विराटनगर, चितवनलगायत देशका ठूला सहरमा शाखा संचालनमा आइसकेको छ ।

भाट-भटेनीले व्यवसायिक विकाससँगै चौकीटोल क्षेत्रको सडक विस्तारमा मुख्य भूमिका निर्वाह गरेको प्रति स्थानीय तह आभारी रहेको हेटौंडा-१ का वडाअध्यक्ष सबिन न्यौपानले बताए ।

उनले स्थानीय तहबाट हुने हरेक सवालमा आफुहरु सहयोगका लागि सदैव तत्पर रहेको उनको भनाइ छ ।

# लागूऔषधसहित दुई जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको छुट्टाछुट्टै स्थानबाट अवैध लागूऔषध गाँजा सहित दुई जना पक्राउ परेका छन् ।

मनहरी गाउँपालिका-७ मनहरी पुल छेउबाट राक्सिराङ गाउँपालिका-२ बस्ने २७ वर्षीय विनोद मोक्तान करिब ५ किलोग्राम अवैध लागुऔषध गाँजा सहित पक्राउ परेको प्रहरीले जनाएको छ । विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरीले पलाँसेबाट मनहरीतर्फ पैदल आउँदै गरेका मोक्तानलाई चेकजाँच गर्नेक्रममा झोलामा लुकाई ल्याएको उक्त लागूऔषध सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यलय मकवानपुरले जनाएको छ ।

यसैगरी, राक्सिराङ गाउँपालिका-५ बासढुंगाबाट ३ किलोग्राम लागूऔषध सहित एक जना पक्राउ परेका छन् । प्रहरीले कैलाश गाउँपालिका-८ बस्ने १८ वर्षीय लोकमान घलानलाई आइतबार दिउँसो गाँजासहित पक्राउ गरेको हो । प्रहरी चौकी चैनपुर बाट खटिएको प्रहरीले ना ७ ख ७२८२ नमबरको बसलाई चेकजाँच गर्ने क्रममा बसमा सवार किशोरलाई गाँजासहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


हार्दिक बधाई





नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत बागमती प्रदेशको प्रथम अधिवेशनबाट यस संस्थाका सल्लाहकार, बर्तमान मकवानपुर जिल्ला पार्टी सभापति एवम् बागमती प्रदेश संसदीय दलका नेता **माननीय ईन्द्रबहादुर बानियाँ ज्यू** अत्याधिक मत प्राप्त गर्दै गरिमामय प्रदेश सभापतिमा बिजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

बिजय सागर श्रेष्ठ (कार्यबाहक अध्यक्ष) एवम्

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

हेटौंडा-४, स्कूलरोड


# हुप्रचौरमा व्यवसायिक भवन बनाउन सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिकाले भ्युटावर सहितको व्यापारिक भवन निर्माणका लागि निर्माण कम्पनीसँग सम्झौता गरेको छ ।

हेटौंडा-४, हुप्रचौर (लोकतान्त्रिक चौर)मा उपमहानगर पालिकाले १२ तले 'हेटौंडा बहुउद्देश्यीय व्यापारिक भवन' निर्माण गर्न लागेको हो । सोमबार हेटौंडा उपमहानगरका प्रमुख हरिबहादुर महतको रोहबरमा निर्माण कम्पनी बानियाँ निर्माण सेवासँग सम्झौता भएको छ ।

उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं र निर्माण कम्पनीका प्रबन्धक ऋषिराज बानियाँले सम्झौतामा हस्ताक्षर गरेका छन् । ४७ करोड ९३ लाख ७२ हजारमा ठेक्का पारेको बानियाँ निर्माण सेवाले सम्झौताअनुसार आगामी ३ वर्षभित्र उक्त आयोजना निर्माण सम्पन्न गरिसक्नु पर्नेछ ।

निर्माण कम्पनीले निर्धारित समयभन्दा अगावै भवन निर्माण गरेर उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने प्रतिबद्धता जनाएको छ । नगर प्रमुख महतले समयमै भवन निर्माण सम्पन्न गर्न निर्माण कम्पनीलाई निर्देशन दिएका छन् । उनले स्थानीय निर्माण कम्पनीलाई नै ठेक्का परेकाले समयमै निर्माण सक्किनेमा विश्वास दिलाए । उनले



व्यापारिक भवन निर्माणमा गुणस्तरीयतालाई ध्यान दिन आग्रह गरेका छन् । 'पहिलो कुरा गुणस्तरमा ध्यान दिनुपर्छ । भवन समयमै सक्काउने र गुणस्तरीय काम गर्नुपर्छ भन्नेमा मेरो संधै जोड रहने छ ।,' महतले भने ।

व्यापारिक भवन निर्माण भएपछि उपमहानगरको आन्तरिक स्रोत बलियो हुने महतको भनाई छ । हेटौंडा-४, हुप्रचौरको दक्षिणतर्फ रहेको बासुदेव सभागृहलाई भत्काएर भ्युटावरसहितको व्यापारिक भवन निर्माण हुन लागेको हो । उपमहानगरका इन्जिनियर सत्यनारायण साहका अनुसार एक विगाह ६ कठ्ठा क्षेत्रफलमा भवन निर्माण हुनेछ । १२ तले भवनमा २ तला अण्डरग्राण्उड हुनेछ । २ तले अण्डरग्राउण्डमा ८० वटा चार पाङ्ग्रे सवारीसाधन र २ सय वटा मोटरसाइकल पाकिङ गर्न सकिने साहले बताए ।

उपमहानगरले ९६ करोड ३५ लाखमा खुलाएको ठेक्कामा बानियाँ निर्माणले ठेक्का पारेको हो । भवनको छौटौं तलासम्म व्यापारिक सटरहरु हुनेछन् । छैटौं तलामाथि भ्युटावर रहने जनाइएको छ ।

## मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि

## प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***


**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.






गोर्खाली ट्रेड एण्ड सप्लायर्स

हेटौंडा-४, रजतजयन्ती,

फोन: ९८४१७७१६६४, ९८५५०३१६६४



व्यक्तिगत घटना दर्ता




मकवानपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुरगढी



www.sajhakuranews.com सर्च गर्न नभुल्नुहोला ।

"तपाई, हामी सबैको कुरा"

साझाकुरा

हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।





व्यक्तिगत घटना दर्ता




भीमफेदी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल